प्रतिदिन
१६ औं वार्षिकोत्सव
राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY

**चट्याङबाट बच्ने उपायः**

- बिजुली चम्केको बेला सचेत र सतर्क रहौं,
- विद्युतीय तरङ्ग टिप्न सक्ने धातुजन्य र भिजेका वस्तुबाट टाढा बसौं,
- विद्युतीय उपकरण बन्द गरौं,
- घर तथा भवनमा अर्थिङ्गलगायतका सुरक्षात्मक उपाय अपनाऔं,
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कौं,
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बसौं,
- सकभर अग्लो स्थानमा नबसौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष-१६ ।। अङ्क : ११८ ॥ २०८१ जेठ २६ गते शनिबार (8th Jun 2024 Saturday) **Pratidin** National Daily मूल्य-रु.५/-

# इष्टर्न ट्राभल मार्टले पर्यटन व्यवसायी उत्साहित

झापा(प्रस) । इटहरीको सोल्टी होटेलमा ' इष्टर्न ट्राभल मार्ट २०२४' भव्यताका साथ उद्घाटन भएको छ । कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्की र इटहरी उपमहानगरपालिकाका मेयर हेमकर्ण पौडेलले पर्यटन प्रवर्द्धनमा खुलेर लागिपर्ने उद्घोष गरेका छन् । नेपाल पर्यटन बोर्डको आयोजनामा सुनसरीको इटहरीमा आयोजित कार्यक्रममा मुख्यमन्त्री र मेयरको प्रतिबद्धतासहित साथ पाएका पर्यटन व्यवसायी उत्साहित भए । भारतबाट आएका पर्यटनकर्मीहरू आयोजकको आतिथ्यले खुसी देखिन्थे । कोरोना महामारीपछि काँकडभिट्टा नाकामा अवरोध भएका कारण बङ्गलादेशका पर्यटन उद्यमी भने सहभागी हुन सकेनन् । नेपालको विभिन्न पर्यटकीय क्षेत्रका ख्यातिप्राप्त पर्यटन व्यवसायीहरूले मार्टमा सहभागिता जनाएका छन् । जेठ २५ देखि २७ गते आइतबारसम्म कोशी प्रदेशको लागि ट्राभल्स मार्ट संचालन हुने भएको छ । विदेशी तथा स्वदेशी पर्यटन उद्यमी तथा अभियन्तालाई प्रदेशका महत्वपूर्ण पर्यटकीय स्थलको भ्रमण गराउँदै लगानीको वातावरण सृजना गर्ने पर्यटकीय प्रचार गर्ने उद्देश्य राखिएको छ ।

मुख्यतः भारतको पश्चिम बङ्गाल, बिहार तथा सिक्किमका पर्यटकलाई मध्यनजर गर्दै मार्टको आयोजना गरिएको हो । मार्टको उद्घाटन गर्दै मुख्यमन्त्री कार्कीले समाजवादको यात्रा तय गर्न राष्ट्रिय पुँजीको आवश्यकता पर्ने र राष्ट्रिय पुँजी निर्माण गर्न पर्यटन निर्विकल्प क्षेत्र भएको बताए ।

मुख्यमन्त्री कार्कीले सरकार एक्लैको लगानी र पहलले मात्रै पर्यटन क्षेत्रको विकास नहुने बताए। त्यसका लागि निजी क्षेत्रको भूमिका पनि उत्तिकै महत्वपूर्ण हुने उनले बताए।




उनले पर्यटन क्षेत्रको विकासका निजी क्षेत्रको सहयोग अपरिहार्य भएको बताए। तीन दिने मार्टमा सहभागी धनकुटा, तेह्रथुम, इलाम, झापा, सुनसरी, पाँचथर लगायत कोशी प्रदेशका पर्यटन व्यवसायी र पोखरा,चितवन र काठमाडौंलगायत अन्य प्रदेशका व्यवसायीबीच हुने व्यापारिक सम्झौताले कोशी प्रदेशको पर्यटन प्रवर्द्धन हुनुका साथै यहाँको पर्यटन क्षेत्रको विश्वबजारीकरण हुने उनले विश्वास व्यक्त गरे।

प्रदेश सरकारले आगामी आर्थिक वर्षको बजेटमा पर्यटन क्षेत्रलाई उच्च प्राथमिकतामा राखेर बजेट ल्याउने तयारी गरेको जानकारी दिँदै उनले यस क्षेत्रको विकास र प्रवर्द्धनका लागि निजी क्षेत्रसँग सहकार्य गरेर सरकारले आफ्नो हैसियतभन्दा माथि नै उठेर लगानी गर्ने बताए। 'प्रदेश सरकारले आगामी आर्थिक वर्षमा पर्यटन क्षेत्रलाई उच्च प्राथमिकता दिएको छ। यसका लागि विभिन्न रणनीतिक योजनाहरू अघि सारिएका छन्। प्रदेश सरकारले आउँदो वर्षको प्रारम्भमै कानुन बनाएर पर्यटन विकास बोर्डको गठन गर्नेछ,' उनले भने।

सरकारले २०८२ लाई कोशी भ्रमण वर्षका रूपमा मनाउने तयारी गरेको बताउँदै उनले वैशाखमा अन्तर्राष्ट्रिय गुराँस महोत्सवको आयोजना गरेर यसको सुरुवात गरिने बताए । यो प्रयास सफल भएको खण्डमा यसपछिका हरेक वर्ष कोशी भ्रमण र पर्यटन वर्ष हुने विश्वास उनले बताए।

पर्यटनको लागि पूर्वाधार विकास गर्न सरकार लागिपरिरहेको बताउँदै उनले योजनाबद्ध हिसाबमा काम गर्न पर्यटन व्यवसायीलाई आग्रह गरे । कोशी प्रदेशका धार्मिक तथा सांस्कृतिक पर्यटकीय सम्भावनालाई उजागर गरेर अगाडी बढ्न सरकार तयार रहेको उनको भनाइ थियो ।

विदेशी तथा स्वदेशी पर्यटन व्यवसायीहरू बिच प्रत्यक्ष संवादमार्फत व्यवसायिक समझदारी बनाउने वातावरण सृजना गर्न लागिएको मार्टका संयोजक भविशकुमार श्रेष्ठले बताए । स्वदेश तथा विदेशका व्यवसायीहरूलाई प्याकेजमा सम्झौता गराउने र पर्यटन प्रवर्द्धनका नयाँ कार्यक्रम तय गरिने उनको भनाइ छ ।

कार्यक्रममा सम्बोधन गर्दै उनले काँकडभिट्टा नाकामा देखिएको समस्याको कारण विदेशी पर्यटक भित्र्याउन समस्या भएको जानकारी गराए । भारतीय पर्यटकलाई स्थानीय सरकारले जबरजस्ती पार्किङ कर उठाउने गरेको गुनासो गर्दै उनले एकद्वार प्रणालीबाट भ्रमण अनुमतिको लागि प्रदेश सरकारले पहल गर्नुपर्ने धारणा राखे ।

सन् २०१८ देखि सुरु भएको मार्ट कोरोना महामारीको कारण बिचमा स्थगित भएर यस पटक चौथो संस्करण गर्न लागिएको हो ।

इस्टर्न ट्राभल्स मार्ट २०२४ का सचिव वासुदेव बरालका अनुसार नेपाल पर्यटन बोर्ड र स्थानीय सरकारको संयुक्त लगानीमा मार्ट आयोजना भएको हो । पर्यटन बोर्डबाट ३० लाख र इटहरी उपमहानगरपालिकाको ३ लाख गरी ३३ लाख लगानीमा मार्ट सम्पन्न हुने उनले बताए ।

कोशी प्रदेशको समग्र उत्पादनलाई सीमावर्ती भारतीय सहरमा पुर्‍याउने उद्देश्यको साथ प्रदेशका महत्वपूर्ण व्यापारिक तथा पर्यटकीय क्षेत्रको भ्रमण गराउन लागिएको सचिव बरालको दाबी छ । विदेशीबाहेक नेपाल भित्रैबाट लुम्बिनी, बाग्मती, गण्डकी, मधेस र अन्य प्रदेशका ५० भन्दा बढी ट्राभल व्यवसायीहरूको सहभागिता भएको उनले जानकारी दिए ।

# मोदी तेस्रोपटक भारतको प्रधानमन्त्री



एजेन्सी ।नरेन्द्र मोदी तेस्रोपटक भारतका प्रधानमन्त्री भएका छन्। टाइम्स अफ इन्डियाका अनुसार शुक्रबार भारतीय जनता पार्टी (भाजपा) नेतृत्वको गठबन्धन एनडिएका नेताहरूले दलको नेताका रूपमा मोदीलाई नियुक्त गरेको जानकारी गराएका हुन्। यसपछि मोदीले राष्ट्रपति द्रौपदी मुर्मूलाई भेट गरेका थिए। राष्ट्रपति भवनबाहिर पत्रकारहरूसँग कुराकानी गर्दै मोदीले आफूलाई राष्ट्रपति मुर्मूले प्रधानमन्त्री नियुक्त गरेको जानकारी दिएका हुन्।

'मलाई माननीय राष्ट्रपतिले प्रधानमन्त्री नियुक्त गर्नुभएको छ। मैले सम्भवत आइतबार प्रधानमन्त्रीको शपथ ग्रहण हुने जानकारी गराएको छु,' मोदीका भनाइ उद्धृत गर्दै टाइम्स अफ इन्डियाले लेखेको छ।

उनले शपथ ग्रहण गर्नुअघि मन्त्रीहरूको नामावली सूची राष्ट्रपतिकहाँ पेस गर्ने जानकारी पनि दिएका छन्।

मोदीलाई प्रधानमन्त्री बनाउन नितिश कुमार प्रमुख रहेको जनता दल (युनाइटेड) र चन्द्रबाबु नायडू प्रमुख रहेको तेलगु देसम पार्टी (टिडिपी) ले बुधबार लिखित सहमति गरेका थिए। उनीहरू चुनाव अघिदेखि नै एनडिए गठबन्धनमा थिए।

भाजपाले एक्लै बहुमत (२७२) सिट नजितेकोले एनडिएका दलहरूको सहयोगमा मोदीले प्रधानमन्त्रीमा दाबी पेस गरेका थिए। लोक सभा चुनावमा भाजपाले २४० सिट जितेको थियो।मोदीलाई प्रधानमन्त्रीमा १२ सिट जितेको जनता दल (युनाइटेड) र १६ सिट जितेको तेलगु देसम पार्टी (टिडिपी) ले समर्थन गरेको छ।

# बाह्रदशी जेसीजले लियो १७ विद्यार्थीको अभिभावकत्व

बिर्तामोड(प्रस)। बाह्रदशी गाउँपालिकामा रहेका सामुदायिक विद्यालयमा अध्ययनरत १७ जना विद्यार्थीलाई बाह्रदशी जेसीजले अभिभावकत्व ग्रहण गरेको छ ।

जेसीजको दिगो विकास कार्यक्रमअन्तर्गत विद्यार्थीको सम्पूर्ण खर्च ब्यहोर्ने गरी जेसीजले यस वर्ष १७ जना विद्यार्थीको अभिभावकत्व ग्रहण गरेको हो । योसंगै विद्यार्थीलाई विद्यालय पोशाकसहित आबश्यक पर्ने स्टेसनरी सामग्री, जुत्तामोजा समेत प्रदान गरेको छ ।

विद्यार्थीलाई वर्षभरि पुग्ने कपी, पेन्सिल,डट्पेनसहितका शैक्षिक सामग्रीसंगै स्कूल ब्याग समेत प्रदान गरिएको छ ।

बाह्रदशी गाउँपालिकाका अध्यक्ष देविन्द्रप्रसाद चम्लागाई,उपाध्यक्ष शान्तादेवी शिवाकोटी खरेल, प्रमुख प्रशासकीय अधिकृत जनार्दन निरौलालगायतको सहभागितामा गाउँपालिकामा आयोजित कार्यक्रममा जेसीजले १६ वटा सामुदायिक विद्यालयमा अध्ययनरत १७ जना विद्यार्थीको अभिभावकत्व ग्रहण गरेको हो ।

बाह्रदशी जेसीजका अध्यक्ष खगेन्द्र सुवेदीको अध्यक्षता र गाउँपालिका अध्यक्ष चम्लागाईको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा विद्यार्थीलाई नगदसहित स्टेसनरी सामग्री, स्कूल ब्याग प्रदान गर्दै अभिभावकत्व ग्रहण गरिएको घोषणा गरिएको थियो ।

गाउँपालिकाभित्र रहेका रहेक एक /एक वटा सामुदायिक विद्यालयबाट एक/ एक जना विद्यार्थीलाई छनोट गर्दै बाह्रदशी जेसीजले अभिभावकत्व ग्रहण गरेको हो ।

विपन्न समुदायका बालबालिकालाई शिक्षाको पहुँचमा ल्याउन र उनीहरुलाई गुणस्तरीय शिक्षा प्रदान गर्न बाह्रदशी जेसीजले गत बर्षबाट यो कार्यक्रम सञ्चालन गरेको छ । सोही कार्यक्रमलाई निरन्तरता दिँदै यस बर्ष पनि कार्यक्रम सञ्चालन गरिएको बाह्रदशी जेसीजका अध्यक्ष सुवेदीले बताए ।

जेसीजले अभिभावकत्व ग्रहण गरेका विद्यार्थीको सबै खर्च अब जेसीज पदाधिकारीले ब्यहोर्ने छन् ।

❖ बाँकी अन्तिम पृष्ठमा

# मुख्यमन्त्रीमा नियुक्त हुनेबित्तिकै विवादास्पद निर्णय

झापा(प्रस)। मधेश प्रदेशको मुख्यमन्त्रीमा जनमत पार्टीका सांसद सतिशकुमार सिंह नियुक्त भएका छन् । शुक्रबार प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले सिंहलाई मुख्यमन्त्रीमा नियुक्त गरेकी हुन् । सिंह एमालेका २४ सहित ६ दलका ५५ सांसदको समर्थनमा मुख्यमन्त्री बनेका हुन् ।

सिंहले पालिका अध्यक्ष हुँदै मुख्यमन्त्रीसम्मको यात्रा तय गरेका हुन् । शरतसिंह भण्डारी नेतृत्वको तत्कालीन राष्ट्रिय मधेश समाजवादी पार्टी र राजपा हुँदै उनी जनमत पार्टीबाट प्रदेश सांसद चुनिएका थिए । प्रदेशसभा निर्वाचनको केही दिनअघि मात्र उनी जनमत पार्टीमा प्रवेश गरेका थिए ।

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका-४ कोइलाडी गाउँका



सतिश ०७४ को स्थानीय तह निर्वाचनमा तत्कालीन राजपाबाट गाउँपालिका अध्यक्षमा निर्वाचित भएका थिए । ५ वर्षपछि भएको चुनावमा भने उनी पराजित भए । स्थानीय तहमा पराजित भएको केही महिनामै भएको प्रदेशसभा चुनावमा भने उनी विजयी भए ।

मुख्यमन्त्री सिंहका बुवा पनि राजनीतिमा रहेका छन् । उनका बुवा शेखरकुमार सिंह अहिले राष्ट्रिय सभा सदस्य रहेका छन् । शेखरकुमार ०७६ सालमा राष्ट्रिय सभा सदस्यमा निर्वाचित भएका थिए । उनी अहिले लोकतान्त्रिक समाजवादी पार्टी( लोसपा)मा आबद्ध छन् । लोसपा अहिले संघ र प्रदेश दुवैमा प्रतिपक्षमा रहेको छ । यसैबीच मुख्यमन्त्री सिंह नेतृत्वको मधेश सरकारको पहिलो मन्त्रिपरिषद बैठकले संसदीय क्षेत्र विकासका लागि प्रत्यक्ष निर्वाचित सांसदलाई ५ करोड र समानुपातिक सांसदलाई डेढ करोड बजेट परिचालन गर्न दिने निर्णय गरेको छ ।

शुक्रबार सपथ ग्रहणलगतै बसेको मन्त्रिपरिषद्को बैठकबाट प्रत्यक्ष निर्वाचित सांसदलाई ५ करोड र समानुपातिक सांसदलाई डेढ करोड बजेट चलाउन दिने निर्णय गरेको भएको अर्थमन्त्री भरत साहले बताए । मन्त्रिपरिषद बैठकमा अन्य समसमायिक विषयमा छलफल भएको साहले बताए ।सांसदलाई बजेट दिने कार्यक्रम संघमा विवादको मुद्दा हो । बजेट दुरुपयोग भएपछि यस्ता कार्यक्रम ल्याउनै नहुने गरी विगतमा संघमा खारेज भएको थियो ।संघमा पनि अघिल्लो पटक पुन ब्युँत्याएपछि त्यसबारे अदालतमा समेत प्रश्न उठाएको थियो । अहिले संघको बजेटमा यस्तो कार्यक्रम परेको छैन ।

सांसदमार्फत् योजना चलाउने कार्यक्रमहरू प्रदेशले पनि केन्द्रबाट सिको गरेका हुन् । अहिले मधेशमा नयाँ सरकार बन्नेबित्तिकै सांसदमार्फत् पैसा खर्च गर्ने निर्णय भएको हो ।

# डेंगु संक्रमण सबैभन्दा बढी काठमाडौं र झापामा

झापा(प्रस) । देशका ६९ वटा जिल्लाबाट एक हजारभन्दा बढीमा डेंगु संक्रमण पुष्टि भएको छ । इपिडिमियोलोजी तथा रोग नियन्त्रण केन्द्रअन्तर्गतका किटजन्य शाखाका प्रमुख डा.गोकर्ण दाहालले सन् २०२४ यता ६९ जिल्लाबाट एक



हजार १०५ जनामा डेंगु पुष्टि भएको जानकारी दिए ।

डेंगु संक्रमण सबैभन्दा बढी बागमती र कोशी प्रदेशमा पुष्टि भएको छ । बागमतीमा प्रदेशमा ३८९, कोशी प्रदेशमा २६४ जनामा पुष्टि भएको छ ।

त्यसैगरी, मधेश प्रदेशमा २९, गण्डकी प्रदेशमा १७०, लुम्बिनी प्रदेशमा १२९ कर्णाली प्रदेशमा १५ र सुदूरपश्चिममा ११३ जनामा डेंगु पुष्टि भएको डा.दाहालले बताए ।

जिल्लाअन्तर्गत काठमाडौं र झापामा सबैभन्दा बढी डेंगु पुष्टि भएको छ । काठमाडौंमा ११२, झापामा १०९ जनामा डेंगु पुष्टि भएको छ। त्यसैगरी, चितवनमा ७३, मकवानपुरमा ५८,

❖ बाँकी अन्तिम पृष्ठमा



# भूकम्प प्रभावित विद्यालयमा सोलार खरिदमा अनियमितता



झापा(प्रस) । २०७२ को भूकम्पबाट प्रभावित जिल्लाका विद्यालयमा सोलार प्यानल जडान गर्न लगाइएको ५५ करोड रुपैयाँको ठेक्कामा अनियमितता भएको आशंकामा सरकारका दुई निकायले छानबिन अघि बढाएका छन् ।

अनियमितताको छानबिन गर्ने अधिकार पाएको राष्ट्रिय सतर्कता केन्द्रले आफ्नै ढङ्गले छानबिन थालेको छ भने सम्बन्धित मन्त्रालयको रूपमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले पनि छानबिन समिति गठन गरेर छानबिन थालेको हो । यसअघि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पनि छानबिन थालेको थियो ।

उक्त परियोजनामा नक्कली चिनियाँ कम्पनीसँग मिल्नेगरी नेपालमै नेपाली कम्पनी खडा गरेर मोविलाइसेजन बापतको रकम भुक्तानी भएको पाइएको थियो ।

शिक्षा र सहकारी विकास मन्त्रालयका कर्मचारी रहने उक्त निकायमा भएको एक ग्लोवल टेन्डरमा चिनियाँ कम्पनीले ठेक्का पाएको थियो । तर काम सम्पन्न गर्नुपर्ने समय नै सकिएपछि नक्कली नेपाली कम्पनी खडा गरेर मोविलाइनसन बापतको रकम लिएको आशङ्का देखिएको थियो ।

शिक्षा मन्त्रालय अन्तर्गतको केन्द्रीय आयोजना कार्यान्वयन इकाइ (सिएलपिआइयू)ले लगाएको ठेक्कामा अनियमितता भएको विषय सार्वजनिक भएपछि अख्तियारसंगै मन्त्रालयले पनि आन्तरिक रूपमा छानबिन गर्नका योजना तथा अनुगमन महाशाखाका प्रमुख सहसचिव बैकुण्ठप्रसाद अर्यालको संयोजकत्वमा छानबिन समिति गठन गरेको हो ।

समितिमा मन्त्रालयका लेखा शाखाका एक कर्मचारी र एक इन्जिनियर सदस्य रहेको शिक्षा मन्त्रालयले जनाएको छ । जेठको दोस्रो साता मन्त्रालयले समिति गठन गरेको र उक्त समितिले सार्वजनिक भएको तथ्य र ठेक्का सम्बन्धी सम्पूर्ण कागजात अध्ययन गरिरहेको शिक्षा मन्त्रालयका प्रवक्ता केशव दाहालले बताए ।

समितिले सीएलपीआइयूसँग ठेक्का प्रक्रिया र त्यससँग सम्बन्धित कागजात माग गरेर छानबिन थालेको र हरेक दिन शिक्षामन्त्री सुमन श्रेष्ठलाई त्यसको ब्रिफिङ गरिरहेको मन्त्रालय स्रोतले जनाएको छ ।

'हालसम्म प्रमाणहरू खोजी गर्ने अनि ठेक्का सम्बन्धी विवरणहरू सङ्कलनको काम सकिएको छ । अब केही दिनमा योसँग जोडिएका सबै व्यक्तिको बयान लिएपछि प्रतिवेदन लेखन सुरु हुन्छ,' मन्त्रालय स्रोतले भनेको छ, ' तथ्यहरूको विश्लेषणपछि मात्र ठेक्कामा संलग्न भएका व्यक्तिहरूको बयान लिँदा प्रस्ट हुन सकिने भएकाले सोही अनुसार समितिले काम गरिरहेको जानकारी पाएका छौँ ।'

छानबिन समितिले ठेकेदार सीएलपीआइयूका प्रमुख, उक्त ठेक्का बोलपत्र हुँदाको समयमा कार्यरत रहेका कर्मचारीहरू सबैसँग कुरा गर्ने तयारी गरेको छ । भूकम्प प्रभावित काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, दोलखा, रामेछाप, ओखलढुंगा, सिन्धुलीलगायतका जिल्लामा विद्युतको पहुँच नपुगेका तथा आपूर्ति नियमित नभएका क्षेत्रका विद्यालयमा पीभी सोलार प्रणाली जडान गर्न सीएलपीआइयूले २०७९ चैत २९ मा ठेक्का लगाएको थियो । भूकम्पपछि पुनर्निर्माण भएका १३० विद्यालयमा सोलार प्यानल जडान गर्नेसम्बन्धी ठेक्कामा सम्झौतापछि नक्कली कम्पनी खडा गरेर त्यसका नाममा करिब नौ करोड रुपैयाँ पेश्की भुक्तानी लिएको थियो ।

ठेक्काको एकवर्षे म्याद सकिँदासम्म पनि काम अघि बढेको छैन भने पेश्कीबापत भुक्तानी भएको रकम गुम्ने जोखिम देखिएको छ ।

सीएलपीआइयूले अन्तर्राष्ट्रिय बोलपत्रमार्फत गरेको प्रस्तावमा चिनियाँ कम्पनी एसिया प्यासिफिक पावर टेक कम्पनी लिमिटेडले ठेक्का पाएको थियो । उक्त कम्पनीसँग सीएलपीआइयूले सम्झौता पनि गरेको थियो । तर, तत्कालीन समयमा सम्झौताको अनुमति पाएका एक चिनियाँ कम्पनी र नेपाली ठेकेदार मिलेर नेपालमै चिनियाँ कम्पनीसँग मिल्दोजुल्दो नाम भएको कम्पनी खडा गरेर मोबिलाइजेसनको रकम सीएलपीआइयूबाट भुक्तानी लिएको थियो ।

ठेक्काको काम गर्न मूल चिनियाँ कम्पनीको ठाउँमा उही नामको नेपाली कम्पनी खडा गरिएको थियो । सीएलपीआइयूले यही नक्कली कम्पनीलाई २०८० मंसिरमा ठेक्काको मोबिलाइजेसन पेश्कीबापत ६ लाख ८१ हजार डलर भुक्तानी गरेको थियो । जुन तत्कालीन समय अनुसार नेपाली रकम नौ करोड बराबर हुन्छ । उक्त कम्पनीले कुनै पनि काम सुरु नगरे पनि दुई पटक भुक्तानी भएको देखिन्छ ।

एकपटक ६ लाख तीन हजार ५३ डलर र दोस्रो पटक एक करोड चार लाख नेपाली रुपैयाँ गरी कुल ९ करोड नेपाली रुपैयाँ बराबर भुक्तानी दिइएको छ । ठेकेदार कम्पनीलाई पेस्कीबापतको भुक्तानी दिँदा मूल चिनियाँ कम्पनीको 'ओरिजिनल' इन्भोइस पेस गर्नुपर्ने ठेक्काको प्रावधान थियो । तर, नक्कली इन्भोइसका आधारमा रकम भुक्तानी भएको आशङ्का गरिएको छ ।

अन्तर्राष्ट्रिय ठेकेदारलाई भुक्तानी गर्दा काउन्टर ग्यारेन्टी लिने अभ्यास छ । तर यो ठेक्कामा चिनियाँ कम्पनीको 'काउन्टर ग्यारेन्टी' विना नै नेपाली नक्कली कम्पनीलाई भुक्तानी दिएपछि भ्रष्टाचारको आशङ्का बढेको हो ।

नेपाली कम्पनीलाई किन डलरमा भुक्तानी दिइयो भनि विवाद सुरु भएको छ । नेपालमा माछापुच्छ्रे बैंकको ग्यारेन्टीका भरमा सीएलपीआइयूले डलरमा भुक्तानी दिएको थियो । डलरमा भुक्तानी गर्न नेपाल राष्ट्र बैंकको स्वीकृति चाहिने कानुनी व्यवस्था भए पनि त्यस्तो स्वीकृती लिएको पुष्टि नभएकाले उक्त ठेक्कामा झन् आशङ्का बढेको थियो । नक्कली अधिकारनामाका आधारमा नक्कली कम्पनी खडा गरी सोझै डलरको भुक्तानी दिने काम गैरकानुनी हुने देखिन्छ ।

त्यस्तै, राष्ट्रिय सतर्कता केन्द्रले पनि एक उपसचिवको संयोजकत्वमा कानुन शाखाका कर्मचारी र इन्जिनियरसमेत राखेर छानबिन समिति गठन गरी यसबारे छानबिन थालेको छ । सतर्कता केन्द्रका अनुसार यसका लागि आवश्यक विवरण पठाउन शिक्षा मन्त्रालय र सीएलपीएयूलाई पनि पत्र लेखेको छ । सतर्कता केन्द्रले ठेक्का सम्बन्धी विवरणका साथै पछिल्लो पटक भएको सरुवामा पनि चासो देखाएर सच्याउन निर्देशन दिएको छ ।

पछिल्लो पटक सुवास बस्नेतसहितको सरुवा सच्याउन सतर्कता केन्द्रले निर्देशन दिए पनि उक्त निर्णय कार्यान्वयन भएको छैन । केन्द्रले थप अनुसन्धान गरिरहेकाले पुनः हाजिर गराउन निर्देशन दिएको छैन ।

'हामी छानबिनकै क्रममा छौँ । ठेक्का सम्बन्धी कागजातहरू प्राप्त भएका छन् । केही दिनमा त्यसलाई विश्लेषण गर्छौं अनि आवश्यक देखिए थप मगाउँछौँ,' छानबिन समितिका एक सदस्यले भने, 'अनुसन्धानमै रहेकाले धेरै टिप्पणी नगरौँ तर प्रारम्भिक रूपमा हेर्दा केही गम्भीर आशङ्का उब्जेका छन् ।'

## कन्काईलाई अन्तरपालिका महिला फुटबलको उपाधि

झापा(प्रस) । झापाको कन्काई नगरपालिकाले चौथो संस्करणको सहिद रामकृष्ण श्रेष्ठ स्मृति अन्तरपालिका महिला फुटबल प्रतियोगिताको उपाधि जितेको छ । धनकुटा-५ स्थित तल्लो टुँडिखेलमा सम्पन्न प्रतियोगितामा कन्काई नगरपालिकाले धनकुटा नगरपालिकालाई २-१ ले पराजित गर्दै ट्रफी उचालेको हो ।

घरेलु दर्शकको साथ पाएको धनकुटाले खेलको १९ औं मिनेटमा मनिता तामाङको उत्कृष्ट गोलमा अग्रता लिएको थियो । पहिलो हाफमा लिएको अग्रता दोस्रो हाफमा भने टिक्न सकेन । दोस्रो हाफको पहिलो र नवौं मिनेटमा कन्काईकी जेनिफर रानामगरले गोल गर्दै टिमलाई विजयी गराइन् । सेमिफाइनलमा छथर जोरपाटी गाउँपालिका धनकुटाविरुद्ध ४-० को जितबाट धनकुटा फाइनलमा पुगेको हो ।

अर्को सेमिफाइनलमा मोरङको मिक्लाजुङ गाउँपालिकालाई ५-० ले हराएर कन्काई उपाधि नजिक पुगेको थियो ।उपाधि विजेताले १ लाख र उपविजेताले ५० हजार रुपैयाँ पुरस्कार पाए ।सर्वोत्कृष्ट खेलाडी कन्काईकी जेनिफर रानामगर घोषित भइन् । मिडफिल्डमा धनकुटाकी तीर्थ लिम्बू, फरवार्डमा कन्काईकी समीक्षा मगर, गोलकिप्परमा कन्काईकी रञ्जु चौधरी र प्रशिक्षकमा कन्काईका सन्तबहादुर राई उत्कृष्ट घोषित भए । उनीहरूले नगद पुरस्कार पाए ।

विजेता र उपविजेता टोली र विधागत खेलाडीलाई मनोहरनारायण श्रेष्ठ, लीला सुब्बा, धनकुटाका प्रमुख जिल्ला अधिकारी पुण्यविक्रम पौडेललगायतले पुरस्कृत गरे ।धनकुटा नगरपालिका-७ निवासी रामकृष्ण श्रेष्ठको २०३० चैत ३ गते विराटनगरमा तत्कालीन राजा वीरेन्द्रमाथि बम प्रहारको घटनामा निधन भएको थियो । उनलाई २०७४ साल माघ ३ मा तत्कालीन सरकारले राष्ट्रिय सहिद घोषणा गरेको थियो । उनको स्मृतिमा गठन भएको प्रतिष्ठानले महिला फुटबललगायतका गतिविधि गर्दै आएको छ ।

## भारतीय नुनले गाई मरेपछि अनुसन्धान सुरु

झापा(प्रस) । झापाको शिवसताक्षी नगरपालिकामा ब्याउन लागेका २ वटा गाई मरेपछि अनुसन्धान सुरु भएको छ । बिहीबार शिवसताक्षी नगरपालिका वडा नं. ४ बोलोचोकमा किसान शोभा ताजपुरियाका गाई मरेका हुन् । सीमावर्ती भारतीय बजारबाट किनेर ल्याएको नुन खुवाएका कारण ब्याउन लागेका दुई वटा गाई मरेको बताएपछि नगर उपप्रमुख नरमाया कार्कीसहित नगरपालिकाको पशु स्वास्थ्य सेवा टोली त्यहाँ पुगेको थियो । नुन हालेर खोले खुवाउनसाथ गाईहरू थरथर काम्दै मरेको बताइएको छ ।नुनका कारण हो या अन्य कारणले गाई मरेका हुन् भन्ने अनुसन्धान गर्न आफूहरूले पशु स्वास्थ्य सेवा शाखालाई निर्देशन दिएको कार्कीले जनाइन् । कुनै रोग फैलिएको हुनसक्छ भनेर यसलाई गम्भीर रूपमा लिइएको उनले जनाइन् । ताजपुरियाले गाई बस्तुलाई खुवाउन भनेर भारतबाट दुई बोरा नुन लिएर आएको र उक्त नुन नबिलेको पनि बताएकी छन् । 'अन्य नुनजस्तो नुन पनि बिलेको थिएन', ताजपुरियाले भनिन् ।



## डेंगु...

सिन्धुपाल्चोकमा ४४, तनहुँ ३९, ओखलढुङ्गामा ३८, रुपन्देहीमा २८, डोटीमा ३० र भक्तपुरमा २७ जनामा डेंगु पुष्टि भएको छ । गत वर्ष ५२ हजार ७९० जनामा डेंगु पुष्टि भएको थियो ।

लामखुट्टेको टोकाइबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाउन, धूप बाल्न, मल्हम लगाउन डा. दाहालको सुझाव छ ।


उनी भन्छन्, "लामखुट्टे नियन्त्रण गर्न लामखुट्टेले फुल पार्न सक्ने सम्भावित घर, विद्यालय, कार्यालय वरपरका पानी जम्ने सबै ठाउँ सफा गर्ने, पानी राख्ने भाँडाहरु बेलाबेलामा सफा गर्ने र लामखुट्टेको फुल नष्ट गर्नुपर्छ ।"

## निक्षेपउपर हकदावी सम्बन्धि ३५ दिने सुचना

कोशी प्रदेश झापा जिल्ला,भद्रपुर नगरपालिका वार्ड नं.-१० मा बस्ने श्री रविलाल बरालकी छोरी,श्री उमाकान्त वरालकी नातिनी श्री वाचस्पति निरौलाकी श्रीमती सारदा देबी निरौलाको मिति वि.सं.२०८१/०२/११गते मृत्यु भएकोले निजको नाममा यस बैंकको शाखा कार्यालय चन्द्रगढीमा रहेको वचत/मुद्दती खातामा रहेको निक्षेप रकम भुक्तानी तथा नामसारी गरी पाउँ भनी मृतकका छोराहरुद्वय सारदा प्रसाद निरौला तथा निर्मल निरौलाले मिति वि.सं.२०८१/०२/२४ मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकमउपर निज निवेदकहरु बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुत प्रमाणसहित सम्वन्धित शाखामा हकदावी गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । उक्त म्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३को दफा १११ को उपदफा २ बमोजिम हुने तथा उल्लेखित म्यादभित्र रितपूर्वक हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाद्वारा सम्बन्धित सबैमा जानकारीका लागि सूचित गरिएको छ ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

## साथीलाई बचाउन खोज्दा एक किशोरीको डुबेर मृत्यु



झापा(प्रस) । इलामको चुलाचुली गाउँपालिका-४ स्थित ऐना पोखरीमा डुबेर स्थानीय १८ बर्षीया विनिता जोगीको मृत्यु भएको छ । बिहीबार अपराह्न स्थानीय मनबहादुर जोगीकी छोरी १८ बर्षीया विनिता जोगी, विष्णु लिम्बुकी छोरी १८ बर्षीया रोजिना साम्बा लिम्बू र उनकै बहिनी १७ बर्षीया रोशा साम्बा लिम्बू ऐना पोखरीको डिलमा बसेर पोखरीको पानी खेलाउँदै गरेको अवस्थामा रोजिना डिलबाट चिप्लिएर पोखरीमा खसेकी थिइन् ।

उनलाई हातमा समातेर निकाल्ने क्रममा विनिता एक्कासि हुत्तिएर पोखरीमा पसेको र उनको डुबेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय इलामले जनाएको छ ।

## प्रदेश सांसदलाई चुलो वितरणप्रति महालेखाको प्रश्न

झापा(प्रस) । कोशी प्रदेशका प्रदेशसभा सदस्यहरूलाई विद्युतीय चुलो वितरण गरिएको विषयप्रति महालेखा परीक्षकको कार्यालयले प्रश्न उठाएको छ । जनतालाई विद्युतको खपत बढाउन भन्दै तत्कालीन खानेपानी, सिँचाइ तथा ऊर्जामन्त्री तिलकुमार मेन्याङ्बोले मन्त्रीस्तरीय निर्णयबाट प्रदेशसभा सदस्यलाई चुलो वितरण गरेका थिए ।

संघीय सरकारको राष्ट्रिय ग्रामीण प्रविधि जडान कार्यक्रमअन्तर्गत १ करोड रुपैयाँ प्रदेश सरकारलाई पठाइएको थियो । १६ एमपियर चुलो खरिद गरी प्रदेश सरकारअन्तर्गतका मन्त्रालय र मातहतका ४४ कार्यालयले समेत प्रयोग गर्ने गरी एक सप्लार्यससँग खरिद गरेर वितरण गरिएको थियो । कार्यविधि नै नबनाइ विद्युतीय चुलो वितरण गरिएको महालेखा परीक्षकको कार्यालयको छैटौं प्रतिवेदनमा उल्लेख छ । चुलो वितरणको अभिलेखसमेत नराखिएको प्रतिवेदनमा जनाइएको छ ।कार्यालय प्रयोजनका लागि खरिद गर्ने निर्णय गरेपनि सम्बन्धित कार्यालयको सट्टा जनप्रतिनिधि र कर्मचारीलाईचुलोवितरण गरिएको प्रतिवेदनमा उल्लेख छ । यसो गर्नु बजेटविपरीतको कार्य भएको ठहर छ । वितरणमुखी कार्यक्रम नियन्त्रण गर्नसमेत महालेखाले सुझाव दिएको छ ।




प्रदेशसभा सदस्यलाई चुलो वितरण गरेपछि कोशीमा यसको चर्को आलोचना भएको थियो । भ्याटबाहेक प्रतिचुलो १३ हजार ४५० रुपैयाँका दरले खरिद गरिएको थियो । विरोध भएपछि केही सांसदले चुलो लगेनन् भने केहीले लगेको पनि फिर्ता गरेका छन् ।

## बाह्रदशी..

जेसीजमा आवद्ध एक/ एक जना ब्यक्तिले एक/एक जना विद्यार्थीको सबै खर्च ब्यहोर्ने बताइएको छ ।

बाह्रदशी जेसीजका उपाध्यक्ष राजु अधिकारीले आस्था बाचन गरेको कार्यक्रममा प्रमुख अतिथि गाउँपालिका अध्यक्ष चम्लागाई, उपाध्यक्ष खरेल, प्रमुख प्रशासकीय अधिकृत निरौलासहित शिक्षा शाखाका निमित्त प्रमुख योगराज पौडेल, पशुपति माध्यमिक विद्यालयका प्रधानाध्यापक थीरकुमार दाहाल, घोडामारा आधारभूत विद्यालयका प्रधानाध्यापक कमल चम्लागाईलगायतले शुभकामना मन्तब्य राखेका थिए । बाह्रदशी जेसीजका पूर्व अध्यक्ष लक्ष्मीप्रसाद उप्रेतीले उद्देश्यमाथि प्रकाश पारेको कार्यक्रममा बाह्रदशी जेसीजका कार्यकारिणी उपाध्यक्ष नवीनकुमार त्रितालले स्वागत गरेका थिए भने बाह्रदशी जेसीजकी कार्यकारिणी उपाध्यक्ष सदिक्षा खड्काको संयोजकत्वमा कार्यक्रम गरिएको थियो ।

उनले कार्यक्रमका सहभागीलाई धन्यवाद ज्ञापन गरेकी थिइन् । कार्यक्रमको सञ्चालन महासचिव सञ्जय साहले गरेका थिए । गाउँपालिकाभित्र रहेका सामुदायिक विद्यालयमा अध्ययनरत गरिब तथा जेहेन्दार बालबालिकालाई अभिभावकत्व ग्रहण गर्दै कक्षा १२ सम्म अध्ययन गर्दा लाग्ने सम्पूर्ण खर्च ब्यहोर्ने गरी बाह्रदशी जेसीजले दीगो विकास कार्यक्रमअन्तर्गत गत वर्षबाट यो कार्यक्रम सञ्चालन गरेको हो ।




नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि. (NMC-COOP) को पूर्ण स्वामित्वमा सञ्चालित

### एनएमसी एग्रो फार्म

मेचीनगर-१४, दुहागढी, कोशी प्रदेश

### शिलबन्दी कोटेसन आह्वान सम्बन्धी सूचना !

प्रथम पटक प्रकाशित मिति : २०८१।२।२५

यस नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि. र कृषि ज्ञानकेन्द्र, झापाबिच भएको सम्झौता अनुसार निम्न बमोजिमको विवरणमा उल्लिखित मेसिनरी उपकरण खरिद गर्नुपर्ने भएको हुँदा सूचना प्रकाशन भएको मितिले सात (७) दिनभित्र (मिति २०८१/२/३२ गते शुक्रबारसम्म) तपसिलका शर्तहरु अन्तर्गत रही इच्छुक बिक्रेता, फर्म तथा कम्पनीबाट शिलबन्दी कोटेसन आह्वान गरिन्छ ।

**तपसिल :**

**१.कोटेसन पेस गर्नुपर्ने सामग्रीको विवरण निम्न अनुसार रहेको छ :**

| क्र.सं. | सामग्रीहरु | इकाई | परिमाण | प्रति इकाई मूल्य रु. | मू.अ.क.सहितको कूल मूल्य रु. | ब्राण्ड/कम्पनी/स्पेसिफिकेसन | वारेण्टी/ग्यारेन्टी | अन्य कुनै विवरण भए |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Multi Crop Planter | ओटा | 1 | | | | | |
| 2 | Paddy Tray | ओटा | 3500 | | | | | |

२. कोटेसन पेस गर्दा मूल्य अभिवृद्धि कर (VAT)सहितको मूल्य,कम्पनीको नाम, ब्राण्ड, स्पेसिफिकेसन स्पष्ट रुपमा खुलाउनु पर्नेछ ।
३. सामग्री एनएमसी एग्रो फार्म (मेचीनगर नगरपालिका-१४, दुवागढी) सम्म ढुवानी, जडान, तालिम गर्दाको सर्त र अवधि समेत उल्लेख गर्नुपर्नेछ ।
४. कोटेसन सम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार संस्थामा निहित रहनेछ ।
५. शिलबन्दी कोटेसन यस फार्मको कार्यालय वा agrofarmheadoffice@nmc.coop.np मा पनि पठाउन सकिनेछ ।
६. कोटेसन पेस गर्ने पक्षले आ.व. २०७९।८० को कर चुक्ता प्रमाणपत्र, प्रोप्राइटरको नागरिकताको प्रतिलिपि, मेसिन उपकरणको स्पेसिफिकेसन, कम्पनीको दर्ता प्रमाणपत्रसहित नविकृत कागजातहरु पेस गर्नुपर्ने छ ।

**थप जानकारीका लागि : ९८५२६८९४००/९८५२६८९४५३**

**– एनएमसी एग्रो फार्म**

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

सम्पादकीय

# हारबाट पाठ सिक्नु पर्छ

डेढ महिना लगाएर सात चरणमा गरिएको भारतीय आम निर्वाचनमा ६४ करोड जनताको मत गणना भइसकेको छ। विश्वको सबैभन्दा ठुलो प्रजातान्त्रिक अभ्यासका रूपमा लिइएको ५४३ सदस्यीय संसद्को तल्लो सदन लोकसभाका लागि भएको चुनावको नतिजा पनि आइसकेको छ।

'अबकी बार, ४०० पार' भन्ने नारा लिएर चुनावमा होमिएको सत्तारूढ भारतीय जनता पार्टी (भाजपा) को महत्वाकांक्षा यसपटक पूरा हुन सकेन। विगतमा दुईपटक सन् २०१४ र २०१९ मा नरेन्द्र दामोदरदास मोदीको नेतृत्वमा जसरी भाजपाले बाजी मारेको थियो, त्यस्तो बाजी यसपटक मार्न सकेन।

अझ यसपटक एक कदम अघि बढेर भाजपाले मोदीकै अनुहार लिएर चुनाव लडेको थियो, तर सरकार बनाउन चाहिने २७२ सिट पनि आफ्नै बलबुतामा भाजपाले ल्याउन सकेन। २४० सिटमै खुम्चिनुपर्‍यो।

दुई सय वर्ष बेलायती उपनिवेश बनेको भारतले सन् १९४७ मा स्वतन्त्रता पाएपछि बल्ल जनताले आफ्नो सरकार छान्ने परिपाटी बनेको हो। जवाहरलाल नेहरूले एकछत्र राज गरेको भारतमा प्रधानमन्त्री बनेकी उनकी छोरी इन्दिरा गान्धीले सन् १९७५ मा इलाहाबाद उच्च अदालतले अयोग्य घोषणा गरेपछि एकाएक आपत्काल लगाएकी थिइन्। सन् १९७७ मा आपत्काल हटाएर चुनावको घोषणा गरिन्। यसको परिणति भारतमा गठबन्धन राजनीतिको संस्कार सुरु भयो। विपक्षी सबै मिलेर इन्दिरा गान्धीविरुद्ध मोर्चा कसे र उनलाई हराए।

गठबन्धन राजनीति अहिले भारतीय राजनीतिको मूल प्रवाह बनेको छ। यो चुनावमा पनि भाजपा नेतृत्वमा नेसनल डेमोक्रेटिक अलायन्स (एनडिए) र कांग्रेसको नेतृत्वमा पहिलेको युनाइटेड प्रोग्रेसिभ अलायन्सको सट्टा इन्डियन नेसनल डेभलपमेन्ट इनक्लुसिभ अलायन्स (इन्डिया) चुनावमा होमिएको थियो। एउटा हिन्दुत्वको गठबन्धन र अर्को धर्मनिरपेक्ष गठबन्धन।

चुनावअगाडि मोदीले पहिलेकै शैली अर्थात् एक छत्र रूपमा 'ह्याट्रिक' गर्ने आमधारणा थियो। 'एक्जिट पोल'ले पनि यही धारणा अनुमोदन गरेको थियो। तर यथार्थ बेग्लै बन्यो। अबको सरकार पनि मोदीकै नेतृत्वमा बन्नेछ, किनकि उनको गठबन्धनले दुई सय ९२ सिट ल्याएको छ, जबकि सरकार बनाउन दुई सय ७२ सिट भए पुग्छ। यसरी 'ह्याट्रिक' त मोदीले गरे तर एकाधिकार भने नहुने भयो। गठबन्धनका अन्य पात्रहरूलाई रिझाएर सरकार चलाउनुपर्ने भयो।

तर, खेल पूरै सकिएको छैन। संसद्मा दुई ३४ सिट ल्याएको काँग्रेस नेतृत्वको गठबन्धनले सत्ता सहजै मोदीलाई दिन चाँहदैनन्। यसका लागि नितिशकुमार र चन्द्रबाबु नायडुजस्ता व्यक्तिको खोजी भइरहने देखिन्छ। यसको अर्थ एनडिएले चुनाव जितेर पनि मोदीले भने हार अवस्थाबाट पाठ सिकेर मात्र सरकार चलाउन सक्छन्।




# आदिवासी मुद्दाको सम्बोधन



• नूरहरि खतिवडा

संयुक्त राष्ट्रसंघको मुख्यालय न्युयोर्कमा सन् २०२४ अप्रिल १५ देखि २६ सम्म आदिवासी सवालसम्बन्धी संयुक्त राष्ट्रसंघीय स्थायी मञ्च (युनाइटेड नेसन्स परमानेन्ट फोरम अन इन्डिजेनस इस्युज (युएनपिएफआइआई) को २३ औँ वार्षिक सम्मेलन सम्पन्न भयो। यस सम्मेलनको नाराः 'आदिवासी समुदायको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्रको मर्म अनुरूप आदिवासी युवाको आवाजलाई बढावा दिँदै उनीहरूको आत्मनिर्णयको अधिकार प्रवर्धन गर्ने' रहेको थियो।

संयुक्त राष्ट्रसंघ आर्थिक तथा सामाजिक परिषद्को अभिसन्धि नं. २०००/२२ बमोजिम स्थापना भएको स्थायी मञ्चले आदिवासी सवाल सम्बन्धमा आर्थिक तथा सामाजिक परिषद्लाई विशेषज्ञ सल्लाह र सुझाव दिनुपर्ने जिम्मेवारी तोकिएको छ। यसका साथै आर्थिक तथा सामाजिक परिषद्मार्फत संयुक्त राष्ट्रसंघ मातहतका विभिन्न एजेन्सी, कोष तथा कार्यक्रमसमेतमा आदिवासी सवालबारे चेतना बढाउने, आदिवासी सवालसम्बन्धी क्रियाकलापलाई एकीकृत र समन्वयात्मक रूपमा अगाडि बढाउन प्रोत्साहन गर्ने, आदिवासी सवालसम्बन्धी सूचना संकलन तथा प्रसार गर्ने र आदिवासी समुदायको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्रमा रहेका प्रावधानको पूर्ण कार्यान्वयन गरी सोको प्रभावकारिता मूल्याङ्कन गर्नेसमेत जिम्मेवारी यस मञ्चलाई प्रदान गरिएको छ। अन्तर्राष्ट्रिय कानुनबाट प्रत्याभूत गरिएका विश्वका आदिवासी समुदायको हक अधिकार कार्यान्वयनका लागि प्रोत्साहन गर्ने र कार्यान्वयन भए नभएको अनुगमनसमेत गर्ने संयुक्त राष्ट्रसङ्घीय स्थायी मञ्चको वार्षिक विश्व सम्मेलन संसारभरका आदिवासी समुदाय र उनीहरूको हक अधिकारको पैरवी गर्ने संघ, संस्था समेतका लागि निकै महत्वपूर्ण उत्सवको रूपमा रहने गरेको छ। संयुक्त राष्ट्रसंघबाट जारी भएको आदिवासीको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, २००७ ले आदिवासीको राजनीतिक, आर्थिक एवं सामाजिक संरचना तथा उनीहरूको संस्कृति, आध्यात्मिक परम्परा, इतिहास एवं दर्शन तथा उनीहरूमा रहेको परम्परागत ज्ञानको आत्मनिर्णयको अधिकार हुने व्यवस्था गरेको छ। अन्तर्राष्ट्रिय श्रम सङ्गठनले सन् १९९८ मा पारित गरेको महासन्धि नं. १६९ लाई नेपालको व्यवस्थापिका संसदबाट सन् २००७, अगष्ट २२ (विसं २०५४ भदौ ४) मा अनुमोदन गरिसकिएको छ। आइएलओ अभिसन्धि नं. १६९ ले परम्परागत आदिवासी ज्ञान, आदिवासीको पहिचान, विशिष्ट जीविकोपार्जन पद्धति तथा परम्परागत संस्कृतिको अनुपालन गर्ने आदिवासीको अधिकारको सम्मान गर्दै आदिवासी समुदायले परम्परादेखि जगेर्ना गर्दै आएका यस प्रकारका सम्पदाको संरक्षण गर्ने दायित्व राज्यको हुने उल्लेख गरेको छ। यस अनुरूप नेपालमा आदिवासी समुदायका विशिष्ट अमूर्त सम्पदाको संरक्षण गर्ने कार्यमा राज्यले प्रभावकारी कदम चालेको पाइँदैन।

नेपालको संविधानको धारा २६१ मा नेपालमा एक आदिवासी जनजाति आयोग रहने व्यवस्था गरिएको छ। आदिवासी जनजाति आयोग ऐन, २०७४ को प्रस्तावनामा आदिवासी जनजाति समुदायको गौरवमय इतिहास र संस्कृतिको पहिचान, हक, हितको संरक्षण र संवर्धन तथा आदिवासी जनजाति समुदायको सशक्तीकरण गर्नका लागि आदिवासी जनजाति आयोगको व्यवस्था गर्नु परेको व्यहोरा उल्लेख छ। सो ऐनमा आदिवासी जनजाति समुदायको हक अधिकारबारे अध्ययन, अनुसन्धान तथा अनुगमन गरी नेपाल सरकारलाई आवश्यक सिफारिस गर्न सक्ने तथा आदिवासी जनजाति समुदायको सम्बन्धमा सरकारले अपनाउनु पर्ने नीतिगत कुरामा सुझाव र सल्लाह दिने काम आदिवासी जनजाति आयोगको रहने उल्लेख छ। ऐनको दफा ७ (ठ) मा आदिवासी जनजाति समुदायको सम्बन्धमा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि, सम्झौता कार्यान्वयन भए नभएको अनुगमन गरी नेपाल सरकारलाई कार्यान्वयनका लागि आवश्यक सिफारिस गर्ने वा सुझाव दिने अधिकार आदिवासी जनजाति आयोगको रहेको उल्लेख गरिएको छ। ऐनको दफा ७ (थ) बमोजिम आदिवासी जनजाति समुदायको हक, हितको संरक्षण, संवर्धन र सशक्तीकरणका लागि नेपाल सरकार र अन्य संघ, संस्थाले सञ्चालन गर्ने चेतनामूलक कार्यक्रमको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने जिम्मेवारी आदिवासी जनजाति आयोगलाई प्रदान गरिएको छ।

आदिवासी जनजाति आयोग ऐन, २०७४ मा 'आदिवासी जनजाति' भन्नाले आयोगको सिफारिसमा नेपाल सरकारले तोकेको जाति वा समुदाय सम्झनु पर्छ भन्ने व्यवस्था रहेको छ। आदिवासी जनजातिको रूपमा सूचीकृत हुने जाति वा समुदायको सिफारिस गर्न आयोगलाई प्राप्त यो गहन जिम्मेवारी निर्वाहमा आयोग स्वयम् नै हालसम्म अनिर्णित रहेको अवस्था छ। नेपालका आदिवासी/जनजातिको सामाजिक, आर्थिक तथा सांस्कृतिक विकास र उत्थान एवं राष्ट्रिय विकासको मूल प्रवाहमा समान सहभागिताका लागि जारी गरिएको आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ को अनुसूचीमा उल्लेख गरिएका विभिन्न ६० जाति वा समुदायलाई आजपर्यन्त आदिवासी जनजातिको मान्यता दिइँदै आएको छ। सो ऐनको दफा २ (क) मा 'आदिवासी/जनजाति' भन्नाले आफ्नो मातृभाषा र परम्परागत रीतिरिवाज, छुट्टै सांस्कृतिक पहिचान, छुट्टै सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएको अनुसूचीबमोजिमको जाति वा समुदाय सम्झनु पर्छ भनी परिभाषित गरिएको छ। यस परिभाषाको आधारमा नेपालमा आदिवासी र जनजाति पर्यायवाची हुन् भन्ने जस्तो अर्थमा बुझ्ने र बुझाउने प्रयास हुँदै आएको छ तर यो बुझाइ नै सही हो भनी पुष्टि हुन सकेको पाइँदैन।

संसारभर आदिवासीको पहिचान र परिभाषा समय र स्थान अनुसार अलग आधार र अलग तरिकाले गरिएको पाइन्छ। आदिवासी समुदायको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, २००७ लेसमेत आदिवासीको ठोस परिभाषा गरेको छैन। विश्वव्यापी रूपमा आदिवासीको सर्वस्वीकार्य परिभाषा गर्नेतर्फ खासै सार्थक प्रयास हुन सकेको छैन। सामान्यतया, आधुनिक राज्य प्रणालीको उदय हुनुभन्दा पहिलेदेखि कुनै निश्चित भूभागमा निरन्तर बसोबास गर्दै आएका, आफ्नो अलग्गै भाषा, रीतिरिवाज, संस्कृति र सामाजिक संरचनासहित परम्परागत जीवनपद्धति अवलम्बन गरिरहेका र हालको अवस्थामा राज्यको मूलधारबाट टाढा, राज्यको नीतिनिर्माण तहमा प्रभाव पार्न नसक्ने अवस्थामा धकेलिएको कारणले प्रतिस्पर्धात्मक क्षमताबाट पिछडिएको समुदायलाई आदिवासी (इन्डिजेनस) भनी बुझ्ने गरिन्छ।

नेपालमा आदिवासीको ठोस परिभाषासहित आदिवासी समुदायको पहिचान र सूचीकरण गर्न सार्थक प्रयास गर्नु आवश्यक छ। मुलुकको विशिष्ट इतिहास र जनसांख्यिक बनोट अनुरूप सबै जाति र जनजातिभित्रका समुदायको विस्तृत समाज वैज्ञानिक अध्ययन गरी आदिवासीमा समावेश गरिनु पर्ने समुदायहरूको पहिचान र सूचीकरण गर्न, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनबाट प्रत्याभूत उनीहरूको हक अधिकार कार्यान्वयन गर्न विशेष पहल गर्नु पर्छ। नेपालमा बसोबास गर्ने जनजातिभित्रका आदिवासी समुदायको पहिचान र सूचीकृत गर्ने कार्यमा आदिवासी जनजाति आयोगले अग्रसरता लिनु पर्छ। संवैधानिक आयोगको रूपमा आदिवासी जनजाति आयोग स्थापना भएको र आदिवासी जनजाति समुदायको पहिचान गरी नेपाल सरकारलाई सिफारिस गर्ने जिम्मेवारीसमेत प्राप्त भएको आयोगले साविकको ऐनको अनुसूचीमा उल्लेख भएको आदिवासी/जनजातिको सूचीलाई नै उपयोग गरिरहनु सान्दर्भिक हुँदैन। आदिवासी जनजाति आयोग ऐन, २०७४ को व्यवस्था र आशयबमोजिम आदिवासी जनजाति समुदायको पहिचान र सूचीकरणबारे आयोगले ठोस निर्णय गर्नु पर्छ।

विसं २०७८ मा भएको जनगणनाको परिणाम अनुसार नेपालमा करिब ३५ प्रतिशत जनसंख्या आदिवासी जनजाति समुदायको रहेको मानिएको छ। यद्यपि, आदिवासी जनजाति समुदायको पहिचान गरी नेपाल सरकारलाई सिफारिस गर्ने कार्य आदिवासी जनजाति आयोगबाट भई नसकेको हुँदा आदिवासी जनजाति समुदायको यो जनसांख्यिक आँकडा सही हो भनी किटान गर्न मुस्किल हुने देखिन्छ। साथै जनगणना गर्दाका बखतमा आदिवासी जनजातिको संख्या किटान गर्न सजिलो हुने गरी आयोगले सुझाएको तरिका अवलम्बन गर्नमा केन्द्रीय तथ्याङ्क कार्यालयले बेवास्ता गरेको कारण जनगणनाको त्रुटिपूर्ण तथ्याङ्क सच्याउनु पर्ने भनी आयोगले नेपाल सरकारलाई सिफारिससमेत गरिसकेको हुँदा आदिवासी जनजातिको जनसांख्यिक तथ्याङ्क यकिन गर्न अझै लामो प्रयासको आवश्यता छ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय काननहरूबाट प्रत्याभूत गरिएका आदिवासी जनजाति समुदायका विभिन्न अधिकारको कार्यान्वयनका लागि आयोगले आफ्नो वार्षिक प्रतिवेदनमार्फत र समय समयमा अन्य निर्णयहरूबाट समेत नेपाल सरकार समक्ष सिफारिस गर्दै आएको भए पनि कार्यान्वयनमा पर्याप्त ध्यान गएको पाइँदैन। आयोगले हालसम्म चार वटा वार्षिक प्रतिवेदन र समय समयमा गरेको विशेष निर्णय समेतबाट नेपाल सरकारलाई ५० भन्दा बढी सिफारिस गरिसकेको छ।

आदिवासीका अधिकारको सवाल राष्ट्रिय कानुन र राष्ट्रिय चासोको मात्र कुरा होइन। अन्तर्राष्ट्रिय कानुनबाट प्रत्याभूत गरिएका आदिवासी समुदायका हक अधिकारको कार्यान्वयनतर्फ नेपाल सरकारले पर्याप्त ध्यान दिनु पर्छ। गत अप्रिलमा न्युयोर्कमा सम्पन्न आदिवासी सवालसम्बन्धी संयुक्त राष्ट्रसंघीय स्थायी मञ्चको २३ औँ वार्षिक सम्मेलनमा संसारभरका सरकारले आआफ्नो मुलुकका आदिवासीको पहिचान र सूचीकरण, उनीहरूका हक अधिकारको रक्षा र कार्यान्वयनमा पुऱ्याएको योगदानबारे चर्चा गरे। नेपालको तर्फबाट यस सम्मेलनमा आदिवासी जनजाति आयोग र थारू आयोगको समेत सहभागिता रहेको थियो। यस सम्मेलनबाट आदिवासी समुदायको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्रको मर्म अनुरूप आदिवासी युवाको आवाजलाई बढावा दिँदै उनीहरूको आत्मनिर्णयको अधिकार प्रवर्धन गर्न सबै विश्वका सरकारलाई आह्वान गरिएको छ। संयुक्त राष्ट्रसंघको आदिवासी सवालसम्बन्धी स्थायी मञ्चबाट गरिएको आह्वानबमोजिम नेपालका आदिवासी समुदायको हक अधिकारको प्रवर्धनका लागि उनीहरूको आर्थिक तथा सामाजिक विकास, संस्कृति, वातावरण, शिक्षा, स्वास्थ्य र मानव अधिकारसहितका सवालमा नेपाल सरकारले ठोस कार्यक्रम र योजना अगाडि बढाउनु पर्छ।

# नयाँ प्रतिबद्धतासहितको बजेट



• सरोज भट्टराई

विकासोन्मुख देशमा, आर्थिक गतिविधिको उच्च अनुपात प्रत्यक्ष वा परोक्ष रूपमा सरकारद्वारा नियन्त्रित हुन्छ, जहाँ राजनीतिक प्रक्रियाले स्रोतको बाँडफाँट निर्धारण गर्छ। विकसित देशमा बजेट भनेको करदाता र तिनका प्रतिनिधिले सरकारको वित्तीय गतिविधिलाई नियन्त्रण गर्ने, विभिन्न क्षेत्रबिच सार्वजनिक शक्ति बाँडफाँट गर्ने र नियन्त्रण र सन्तुलनको प्रणाली सिर्जना गर्ने संयन्त्र हो।

नेपालमा राष्ट्रिय विकासको आर्थिक आधार निर्माणमा केही उपलब्धि भएका छन्। उदाहरणका लागि, यसले नयाँ र भरपर्दो उत्पादनका रूपमा जलविद्युत्, सिमेन्ट र फलामको स्टिल निर्यात गरेर भारतीय बजारमा प्रवेश गरेको छ। त्यसै गरी आइटी सफ्टवेयर, गार्मेन्ट, गलैंचा र हस्तकलाका सामानको अमेरिकालगायत अन्य मुलुकमा निर्यात पनि उल्लेख्य रूपमा बढेको छ। पर्यटकको आगमन र आम्दानी वृद्धिले पर्यटन क्षेत्रको पुनरुत्थान भएको र आगामी वर्ष १६ लाख पर्यटक भित्र्याउने लक्ष्य पूरा गर्न काठमाडौँ विमानस्थल भरिभराउ भइसकेकाले नयाँ अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान सञ्चालन गर्न आवश्यक छ। नागढुङ्गा सिस्नेखोला सुरुङमार्ग र काठमाडौँ तराई फास्ट ट्र्याकमा दुई वटा सडक सुरुङ निर्माणले सफलता हासिल गरेको र अन्य निर्माणाधीन अवस्थामा रहेकाले राष्ट्र सुरुङ राजमार्गको युगमा प्रवेश गरेको छ। त्यसै गरी सिँचाइका लागि सुनकोशी-मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजनाको मुख्य सुरुङको काम पनि सकिएको छ। देशमा दुईपांग्रे र तीनपांग्रे सवारीका लागि पाँच वटा एसेम्बली प्लान्ट र चारपांग्रे सवारीका लागि एउटा एसेम्बली प्लान्टले उत्पादन थालेका छन् भने अन्य पाइप लाइनमा छन्। विद्युतीय सवारीसाधनले जीवाश्म इन्धनका सवार ीसाधनलाई प्रतिस्थापन गरिरहेका छन्, जसले गर्दा पेट्रोलियम आयातमा कमी आएको छ। यस्ता कार्यक्रमलाई वर्तमान बजेटमा पनि निरन्तरता दिने योजना बनाइएको छ।

गत महिना सम्पन्न नेपाल लगानी सम्मेलन र निजी क्षेत्र र सरोकारवालासँगको व्यापक छलफलपछि प्रस्तुत गरिएको यो बजेट राम्रोसँग तयार भएको देखिन्छ। बजेटमा ग्रामीण अर्थतन्त्रको विस्तार, कृषि क्षेत्रको सुधार र सूचना प्रविधि, निर्यातमुखी व्यवसाय र स्टार्टअपलाई प्रवर्धन गर्ने घोषणा गरिएको छ। बजेटले सुरुङमार्ग, द्रुतमार्ग, फ्लाईओभर, अन्डरपास, ओभरपास जस्ता आधुनिक पूर्वाधार विकासमा जोड दिएको छ। अर्को वर्ष राष्ट्रिय ग्रिडको कुल विद्युत् क्षमता चार हजार पाँच सय मेगावाट पुग्ने र बुढीगण्डकी जलविद्युत् आयोजना र नलसिङगढ जलाशय आयोजनाको निर्माण कार्य सुरु हुने छ।

मधेश, सुदूरपश्चिम र कर्णाली जस्ता क्षेत्रहरूलाई उत्थान गर्ने उद्देश्यसहित विभिन्न कार्यक्रमले दलित, उत्पीडित जाति र गरिब समुदायलाई सहयोग गर्ने लक्ष्य राखेका छन्। बजेटले केही संघीय कार्यालय मर्ज गरेर आवर्ती खर्च घटाउन खोजेको छ। सरकारले गाँजा खेती र औषधीय प्रयोजनका लागि उपभोगलाई कानुनी मान्यता दिने योजना बनाएको छ। सहकारी क्षेत्रका निक्षेपकर्ताको सुरक्षाका लागि संस्थागत उपायहरूले सहकारीका समस्यालाई सम्बोधन गर्छ। अन्य सकारात्मक कदममा सार्वभौम सम्पत्ति कोषमार्फत उत्पादनशील क्षेत्रमा रेमिट्यान्सको उपयोग गर्नु र अन्तर्राष्ट्रिय कम्पनीहरूबाट सार्वभौम देश रेटिङ प्राप्त गर्नु समावेश छ। हरित कर र दोहोरो कर उन्मुक्ति सम्झौताका नयाँ प्रावधान सराहनीय छन्।

सुनकोशी र नारायणी नदीमा टर्मिनलसहितको जलमार्ग निर्माणले जल यातायातमा क्रान्तिकारी आयाम थपेको छ। रेमिट्यान्सबाट आउने अनुकूल विदेशी मुद्रा सञ्चिति, वित्तीय प्रणालीमा सन्तोषजनक तरलता र मौद्रिक नीतिले सपोर्ट गरेको घट्दो ब्याजदरका बाबजुद पनि संघीय बजेटले केही वर्षदेखि अपरिहार्य समस्या र चिन्ताको सामना गरिरहेको छ। चालु आर्थिक वर्ष नेपालको अर्थतन्त्र ३.८ प्रतिशतले वृद्धि हुने प्रक्षेपण गरिएको छ, जुन व्यवसायमा सन्तोषजनक विकास, बेरोजगारी र मुद्रास्फीति र मन्दीलाई सम्बोधन गर्न अपर्याप्त छ। अर्थतन्त्रको कमजोर कार्यसम्पादनले लाखौँ युवालाई रोजगारी र शिक्षाको खोजीमा विदेशतर्फ धकेलिरहेको र नेपाल राष्ट्र बैङ्कको प्रतिवेदन अनुसार विदेशी पर्यटकले भित्र्याउनेभन्दा झन्डै साढे दुई गुणा बढी विदेशी मुद्रा भित्र्याउने गरेको छ। बजेटको आकार, राजस्व सङ्कलन लक्ष्य र ऋण रकम उच्च देखिन्छ। करिब आधा खर्ब रुपैयाँ पुग्ने पूर्वाधारका आयोजना सुरु गर्न अर्थ मन्त्रालयले विभिन्न मन्त्रालयलाई स्रोत निश्चितता पत्र दिएकाले नेपालको वित्तीय प्रणाली दबाबमा छ।

आयोजना सम्पन्न भएपछि पनि ठेकेदारहरूले भुक्तानी ढिलाइको सामना गरिरहेका छन्। विशेष, पूर्वमूल्याङ्कन गरिएका कार्यक्रमबिना ऋणको स्वीकृति बाह्य र आन्तरिक दुवैले महत्वपूर्ण चिन्ता खडा गर्छ, किनकि यी ऋणहरू सन्तोषजनक वा निश्चित उपलब्धिबिना नै थुप्रिरहेका छन्। नेपालमा विकासका लागि आवश्यक एफडीआई आकर्षित गर्न अनुकूल वातावरण नहुँदा प्रत्यक्ष वैदेशिक लगानी (एफडीआई) सन्तोषजनक रूपमा बढिरहेको छैन। कृषि क्षेत्रमा भएका सुधारले मात्रै किसान र सीमान्तकृत समुदायलाई लाभ पुऱ्याउँछ, जुन शून्य महसुल दरमा उच्च अनुदानमा दिइने भारतीय खाद्य वस्तुहरूको आयात, मल र सामग्रीको अभाव र बिचौलियाको वर्चस्वले कमजोर बनेको छ। विगत एक दशकमा उत्पादन क्षेत्र पनि आधाले घटेको छ। यद्यपि, बजेटले आलु, प्याज र स्याउमा भ्याट छुट जस्ता कृषि र उत्पादन क्षेत्रहरूलाई समर्थन गर्ने उपाय प्रस्तुत गर्छ।

सेवा क्षेत्रमा सुधार भए पनि किसान र गरिब समुदायलाई फाइदा पुग्न सकेको छैन। बैङ्कहरूसँग पाँच खर्ब रुपैयाँभन्दा बढी तरलता भए पनि लगानीको माग भने बढेको छैन। लगानी प्रोत्साहन गर्न बैङ्कहरूलाई घरजग्गा, सेयर र कारमा केन्द्रित गर्नुभन्दा उत्पादनशील क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्नु पर्छ। बैङ्कहरूले उत्पादनशील क्षेत्रमा दिने कर्जाको न्यून प्रतिशतले गरिबी निवारणमा खासै सहयोग गर्दैन। बैङ्कहरूले परियोजना वित्तीय मोडेलहरू अपनाउनु पर्छ र उत्पादनशील क्षेत्रमा लगानी ल्याउन आफ्ना अन्तर्राष्ट्रिय नेटवर्कहरू प्रयोग गर्नु पर्छ।

अर्थमन्त्रीले व्यवसायी समुदाय, लगानीकर्ता र राष्ट्रिय विकासका धेरै समस्या र चासोलाई सम्बोधन गर्ने प्रयास गरेका छन्। ठुला उद्योग नीतिगत अस्थिरताबाट ग्रस्त छन् र बजारको माग र बजेटमा वित्तीय राहत प्याकेजको अभावका कारण धेरै लघु तथा साना उद्योग बन्द हुने जोखिममा छन्। सम्बोधन नभएका मुद्दामा भ्याटमा बहुदरहरू लागु गर्ने, विदेशीलाई फ्ल्याट वा अपार्टमेन्ट किन्न अनुमति दिने, निजी क्षेत्रका परियोजनाका लागि चुनौती कोष स्थापना गर्ने, महत्वपूर्ण उच्च मूल्यका खनिज उत्खनन् सुरु गर्ने, आयात-प्रतिस्थापन स्वदेशी उद्योगको संरक्षण, र तलका मानिसलाई रासन कार्ड उपलब्ध गराउने समावेश छन्।

कुल मिलाएर, बजेटले परम्परागत विशेषताबाट हटेर नयाँ प्रतिबद्धतासहित परिवर्तन गर्ने योजना र कार्यक्रमलाई जोड दिने प्रयास गरेको छ। अर्थतन्त्रलाई चलायमान बनाउने निजी क्षेत्रले यो भूमिका पूरा गर्न आवश्यक वातावरण कहिल्यै नपाएको दाबी गर्दै प्रायः असन्तुष्ट हुन्छ। यो बजेटले यी चिन्तालाई सम्बोधन गर्ने प्रयास गरेको छ। बजेटको व्यवस्था कार्यान्वयन गर्दा विशेष गरी पुँजीगत खर्च र आयोजनाको उपलब्धिमा क्षेत्रगत मन्त्रालय र सरोकारवाला निकायको भूमिका बजेटको सफलताका लागि महत्वपूर्ण रहन्छ। तिनीहरूको रचनात्मक संलग्नता उच्च उपलब्धिका लागि कुञ्जी हो।

# आइटी निर्यात र रोजगारी सिर्जनाको लक्ष्य: प्रधानमन्त्री

झापा(प्रस) । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले नेपाललाई सूचना प्रविधिको हवका रूपमा विकास गर्न आगामी आर्थिक वर्षको बजेटमा सूचना प्रविधि दशक घोषणासहित महत्वपूर्ण कार्यक्रम समावेश गरिएको बताएका छन्।

डिजिटल रूपान्तरणको अभियानमा क्रियाशील आइसिटी फाउण्डेशनले शुक्रबार आयोजना गरेको 'डिजिटल नेपाल कन्क्लेभ २०२४' लाई सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले बजेटमार्फत दश वर्षमा ३० खर्बको सूचना प्रविधिसम्बन्धी सेवा निर्यात र पाँच लाख प्रत्यक्ष तथा दश लाख अप्रत्यक्ष रोजगारी सिर्जना गर्ने लक्ष्य राखिएको बताएका हुन्।

'सूचना प्रविधिलाई अर्थतन्त्रको सम्वाहकका रूपमा स्थापित गर्ने, सूचना प्रविधिका नवीनतम् प्रविधि अवलम्बन गर्न कानुनी आधार तयार गर्ने, कृत्रिम बौद्धिकताको विकास, प्रवर्द्धन र नियमनको व्यवस्था गर्ने व्यवस्था बजेटमा गरिएको छ,'प्रधानमन्त्री प्रचण्डले भने। उनले सूचना प्रविधि क्षेत्रमा नीतिगत स्थायित्वसहित उच्च गतिको भरपर्दो र किफायती इन्टरनेट सेवा, डाटा सुरक्षा र बौद्धिक सम्पत्ति संरक्षण प्रदान गर्ने विषय बजेटमा समावेश भएको स्पष्ट पारे।

प्रधानमन्त्री प्रचण्डले 'डिजिटल नेपाल फ्रेमवर्क' परिमार्जन गरी सोको कार्यान्वयन र अनुगमन गर्ने संस्थागत व्यवस्था गर्ने, काठमाडौं उपत्यका र बुटवलमा उच्च गतिको इन्टरनेट, विद्युत्, सुरक्षालगायत पूर्वाधारसहित सूचना प्रविधि पार्क सञ्चालनको काम अगाडि बढाइने बताए । 'यस्तो पार्कमा तीन वर्षका लागि ' वर्क स्टेसन' सञ्चालन गर्न निःशुल्क स्थान उपलब्ध गराउने, सार्वजनिक-निजी साझेदारीमा अत्याधुनिक सूचना प्रविधि हव सञ्चालनका लागि बहुतले संरचना निर्माण गरिनेछ,'उनले भने।

स्वदेशमा उत्पादित सफ्टवेयरलाई प्राथमिकता दिई सार्वजनिक निकायले उपयोग गर्ने व्यवस्था मिलाइने जानकारी दिँदै प्रधानमन्त्री प्रचण्डले सरकारी डाटा सेन्टरको स्तरोन्नति, विद्युतीय तथ्याङ्कको भण्डारण, सुरक्षा र उपयोगलाई व्यवस्थित र भरपर्दो बनाइने बताए। सूचना प्रविधि विषयमा स्नातक र स्नातकोत्तर तहमा अध्ययन गरिरहेका युवालाई सूचना प्रविधि सम्बद्ध उद्योगमा 'इन्टर्न' गर्ने व्यवस्था गरिने उनको भनाइ छ ।

प्रधानमन्त्री प्रचण्डले सरकार सूचना तथा सञ्चार प्रविधिलाई विशेष प्राथमिकतामा राख्दै विकास र समृद्धिको लक्ष्यमा अघि बढिरहेको स्पष्ट पारे। 'आगामी आवको बजेटमा तीन महत्वपूर्ण प्राथमिकताभित्र आइसिटीलाई समावेश गरेका छौं, उनले भने,'सरकार डिजिटल इकोनोमी, स्टार्टअप र इनोभेसनको प्रवर्द्धन, रोजगारीको सिर्जना, डिजिटल गभर्नेन्सको सुधार र समग्र देश रूपान्तरणको लक्ष्यमा केन्द्रित छ, त्यसअनुरूप सरकारले आवश्यक नीति र कानुनको परिमार्जन गर्दै अघि बढिरहेको छ ।'

प्रधानमन्त्री प्रचण्डले पछिल्लो समय 'देश बन्दैन', 'यो देशमा केही हुँदैन' भन्ने अत्यन्त नकारात्मक भाष्य स्थापित गर्ने कोसिस भइरहेपनि तथ्यहरूले नेपालको विकास, समृद्धि र स्वरोजगारका क्षेत्रमा राम्रो प्रगति हुँदै गएको पुष्टि गरेको बताए । उत्पादन, उत्पादकत्व वृद्धि र रोजगारी सिर्जनाका क्षेत्रमा सरकारले गरेको निरन्तर प्रयास र पहलकदमीका कारण देशभित्र क्रमशः उत्साहको वातावरण निर्माण हुँदै गएको उनको भनाइ छ ।

प्रधानमन्त्रीले सूचना प्रविधि क्षेत्रमा सरकारका तर्फबाट आकर्षक रोजगारीको व्यवस्था र अवसर सिर्जना गर्न खोजिएको तथा स्टार्टअप र इनोभेसन प्रवर्द्धन गर्न इतिहासमै पहिलोपटक रु एक अर्बको कोष बनाएर सातै प्रदेशमा इन्कुवेसनसहितको कार्यक्रम ल्याइएको स्पष्ट पारे ।

उनले प्रविधिमार्फत् अर्थतन्त्रको विकास र रोजगारी सिर्जनाका निम्ति सरकारले अगाडि बढाएका कार्यक्रम प्रभावकारी तुल्याउन र प्रविधिको प्रयोगमार्फत् आर्थिक सामाजिक रूपान्तरणमा सहकार्यका निम्ति आम युवा र आइटी क्षेत्रका उद्यमीलाई अपिल गरे।

'तपाईंहरू निरास नहुनुहोस्, जसरी तपाईंहरूले यस क्षेत्रमार्फत् रोजगारी सिर्जना र अर्थतन्त्रको विकासमा योगदान गरिरहनुभएको छ, यसका निम्ति नेपाल सरकार आभारी छ,'उनेले भने, 'सूचना प्रविधि क्षेत्रका निम्ति आवश्यक कानुनलगायतका नीतिगत विषयको सम्बोधन गर्न सरकार तयार छ ।'

'डिजिटल गभर्नेन्स'लाई सुधार गर्दै भ्रष्टाचारमुक्त समाज निर्माण गर्नु सरकारको प्राथमिक दायित्व भएको जनाउँदै प्रधानमन्त्रीले यसले भ्रष्टाचार नियन्त्रण र सुशासनको प्रत्याभूति, सेवा प्रवाहमा सरलता र सहजता, अन्तरसरकारी समन्वयमा सुधारमा पर्याप्त आधार सिर्जना गर्ने बताए ।

# बीएन्डसीलाई १५ दिनभित्र सम्बन्धन दिन सर्वोच्चको परमादेश

झापा(प्रस, जेठ २४ । सर्वोच्च अदालतले दुर्गा प्रसाईंको बीएन्डसी मेडिकल कलेजलाई १५ दिनभित्र सम्बन्धन दिन परमादेश जारी गरेको छ । ०८० चैत १२ मा भएको फैसलाको बिहीवार पूर्णपाठ सार्वजनिक गर्दै सर्वोच्चका न्यायाधीश कुमार चुडाल र शारङ्गा सुवेदीको इजलासले यसै शैक्षिक सत्रदेखि एमबीबीएसको विद्यार्थी भर्ना तथा कक्षा सञ्चालन गर्न पाउने गरी सम्बन्धन दिन भनेको हो । "'राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ को नियम ७ को उपनियम (१), (३) र (४) निवेदकका हकमा आकर्षित नहुने हुँदा निवेदक कलेजलाई १५ (पन्ध्र) दिनभित्र यसै शैक्षिक सत्रदेखि एमबीबीएसको विद्यार्थी भर्ना तथा कक्षा सञ्चालन गर्न पाउने गरी सम्बन्धन प्रदान गर्नू गराउनू भनी प्रत्यर्थीहरू काठमाडौं विश्वविद्यालय तथा चिकित्सा शिक्षा आयोग समेतका प्रत्यर्थीहरूका नाममा परमादेशको आदेश जारी हुने ठहर्छ," फैसलामा भनिएको छ ।

# नौ महिनामा विद्युत् प्राधिकरणको नाफा ११ अर्ब




झापा(प्रस)। नेपाल विद्युत् प्राधिकरणले चालु आर्थिक वर्ष २०८०-८१ को नौ महिनामा रु ११ अर्ब ६ करोड बराबरको नाफा कमाएको छ । प्राधिकरणको चालु आवको चैत महिनाको वित्तीय विवरण (अपरिष्कृत) अनुसार, यस अवधिमा विद्युत् बिक्री, ब्याज तथा अन्य आम्दानीबाट कूल रु ९३ अर्ब ९४ करोड आम्दानी गरेको छ ।

प्राधिकरणले सूचनाको हकसम्बन्धी ऐनमा भएको व्यवस्थाबमोजिम सार्वजनिक गरेको विवरणअनुसार विद्युत् खरिद, प्रशासनिक, आयोजनामा लगानीलगायतमा जम्मा रु ८२ अर्ब ८८ करोड खर्च भएको छ । प्राधिकरणको मुख्य आम्दानी र खर्च क्रमशः विद्युत् बिक्री र खरिद तथा आयोजनामा हुने गरेको छ ।

प्राधिकरणले यस अवधिमा रु ११ अर्ब छ करोड नाफा (करकट्टी गर्नुअघि अपरिष्कृत) आर्जन गरेको हो । गत आर्थिक वर्ष २०७९/८० को सोही अवधिमा प्राधिकरणको नाफा रु आठ अर्ब ८८ करोड थियो । गत आवको मुनाफा रु १३ अर्ब ३७ करोड थियो ।

प्राधिकरणको सञ्जित मुनाफा रु ३३ अर्ब ६४ करोड पुगेको छ । आव २०७२/७३ मा रु आठ अर्ब ८९ करोड वार्षिक घाटामा रहेको प्राधिकरण त्यसपछिका वर्षहरुबाट निरन्तर नाफामा छ । विद्युत् चुहावट नियन्त्रण, आन्तरिकरुपमा तथा भारततर्फको विद्युत् निर्यात बढ्दा आम्दानीमा भएको वृद्धि, खर्च नियन्त्रणलगायतले गर्दा चालु आवको नौ महिनामा उल्लेख्य नाफा कमाउन सफल भएको बताए ।

प्राधिकरणले चालु आवको नौ महिनामा विद्युत् बिक्रीबाट रु ६८ अर्ब ८९ करोड खुद सङ्कलन गरेको छ । यस अवधिमा देशभित्रका निजी क्षेत्रका ऊर्जा उत्पादकबाट र आफ्ना सहायक तथा सम्बद्ध कम्पनीबाट विद्युत् खरिदका लागि रु ३८ अर्ब २० करोड भुक्तानी गरिएको छ ।

यस अवधिमा हिउँदयामको माग धान्न रु ११ अर्ब ५५ करोडको विद्युत् भारतबाट आयात गरिएको छ । आन्तरिक रुपमा खपत गरी बढी भएको रु १३ अर्ब ४२ करोड बराबरको विद्युत् भारततर्फ निर्यात गरिएको प्राधिकरणले जनाएको छ ।

# बिर्तामोडका अचार उद्योगलाई प्रविधि हस्तान्तरण



झापा(प्रस) । बिर्तामोड नगरपालिका-९ स्थित डाँडागाउँमा रहेको कोसेली अचार उद्योगलाई प्रविधि हस्तान्तरण गरिएको छ । गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमअन्तर्गत नगरपालिकाले अचार हाल्ने ड्रम र तौल लिने मेसिन हस्तान्तरण गरेको हो । उक्त सामग्री नगर प्रमुख पवित्रा महतारा प्रसाईंले उद्योगका अध्यक्ष शान्ता रिजाललगायतलाई हस्तान्तरण गरेकी थिइन् । तीन सय लिटर क्षमताका ५ वटा र पाँच सय लिटर क्षमताका २ वटा गरी ७ वटा प्लास्टिकका ड्रम र १ थान तौल मेसिन हस्तान्तरण गरिएको हो । संक्षिप्त कार्यक्रममा बोल्दै नगर प्रमुख प्रसाईंले उद्यमी महिलाहरूले सञ्चालन गरेको यस उद्योगलाई थप व्यावसायिक बन्नका लागि प्रेरित गर्दै सामग्री हस्तान्तरण गरेको बताइन् ।

कोसेली अचार उद्योग स्थानीय ६ जना महिलाहरूले सञ्चालन गर्दै आएका छन् । यस उद्योगमा आँप, कागती, अकबरे खुर्सानी, अचार पेस्टलगायत उत्पादन हुँदै आएको छ । कार्यक्रममा शिक्षा शाखाका प्रमुख उपसचिव तिलचन भण्डारी, कार्यपालिका सदस्य संगीता सिवालगायत महिला उद्यमीहरूको सहभागिता रहेको थियो । नगरपालिकाले यसअघि जेठ १६ गते मात्र सोही कार्यक्रमअन्तर्गत १५ जना महिलालाई सिलाई मेसिन हस्तान्तरण गरेको थियो ।

# श्रीमती हत्या आरोपमा नेपाली सेनाका जवान पक्राउ



झापा(प्रस)। दाङमा श्रीमतीको हत्या आरोपमा नेपाली सेनाका एक जवान पक्राउ परेका छन्। शुक्रवार बिहान दाङ जिल्लाको तुलसीपुर उपमहानगरपालिका वडा नम्बर ६ डुम्रीगाउँस्थित घरको कोठामै श्रीमतीको हत्या गरेको आरोपमा सेनाका जवान ३६ वर्षीय शालिकराम बुढाथोकी पक्राउ परेका हुन् ।

बिहानै हत्या गरेर फरार रहेका बुढाथोकीलाई तुलसीपुर बाहिनी चोकबाटै पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय दाङका प्रमुख एसपी रामबहादुर केसीले जानकारी दिए । सल्यान जिल्लाको कपुरकोट ६घर भई नेपाली सेनाको ज्वालदल गण बारामा कार्यरत बुढाथोकीले श्रीमती टिका बुढाथोकीको हत्या गरेको प्रहरीले जनाएको छ । शान्ति सेनाबाट फर्किएर घर बिदामा आएका बुढाथोकीले श्रीमतीलाई बिहान परपुरुषसँग आपत्तिजनक अवस्थामा भेटाएपछि खुकुरी प्रहार गरी हत्या गरेको प्रहरीले जनाएको छ । खुकुरी प्रहारबाट घाइते भएकी टिकाको राप्ती प्रादेशिक अस्पतालमा उपचारका क्रममा मृत्यु भएको हो ।

शालिकरामले श्रीमतीका साथमा फेला परेका नेपाली सेनाका जवान आर्यन थापालाई समेत खुकुरी प्रहार गरेका छन् । थापाको गर्धन र टाउकोमा गम्भीर चोट लागेको छ । उनको अवस्था पनि गम्भीर भएको प्रहरीले जनाएको छ । खुकुरी प्रहार गर्ने शालिकराम इलाका प्रहरी कार्यालय तुलसीपुरको नियन्त्रणमा रहेको प्रहरीले जनाएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# विपद् पूर्वतयारीका लागि 'अभ्यास मनसुन-४' प्रदर्शन



झापा(प्रस) । भोजपुर जिल्लाको विभिन्न स्थानमा हुन सक्ने विपद् का घटनाहरूको उद्धारका लागि विपद् पूर्वतयारी डेमोस्ट्रेसन ' अभ्यास मनसुन-४' प्रदर्शन गरिएको छ ।

शुक्रबार भोजपुर जिल्लाको सदरमुकामस्थित स्थानीय टुँडिखेलमा बाढी पहिरो, आगलागीमा परी विस्थापित परिवारहरुको खोज, उद्धार तथा राहत, प्राथमिक उपचार, स्थानीय तथा सरोकारवालाको भूमिका, जिम्मेवारी, सवारी दुर्घटना न्यूनीकरणका उपायलगायतका बारेमा नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी, भोजपुर नगरपालिका, जिल्ला अस्पताल, नेपाल रेडक्रस सोसाइटीलगायत विपद्सँग सम्बद्ध निकायको भूमिकालाई प्रदर्शन गरिएको थियो । विपद् पूर्वतयारी अभ्यास प्रदर्शनले स्थानीयहरूलाई आफ्नो तथा आफ्नो नजिकै हुने मानवसृजित एवम् प्राकृतिक विपद्लाई सामना, नियन्त्रण, न्यूनीकरण गर्न सचेतना विकास गरेको कार्यक्रमका प्रमुख अतिथि भोजपुर नगरपालिकाका प्रमुख कैलाशकुमार आलेले बताए ।

जिल्ला विपद् व्यवस्थापन समितिको निर्देशनमा भएको डेमोस्ट्रेसनमा जिल्लास्थित सम्पूर्ण सुरक्षा निकाय, भोजपुर नगरपालिका, नेपाल रेडक्रस सोसाइटी र जिल्ला अस्पताल, विद्योदय मावि, सगरमाथा अंग्रेजी बोर्डिङ, जनसेवा आधारभूत विद्यालयका शिक्षक, विद्यार्थीलगायत विपद्सँग सरोकार राख्ने सम्पूर्ण निकायहरूको सहभागिता रहेको थियो ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा


सम्पर्कः
9825952680
9816063266
9825952677
9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।

प्रतिदिन
वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्कः
फोनः ०२३-५४०४७८
मोः ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०


मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोनः ०२३-५४२६१६, मोः ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान


वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५५५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष**: रोकिएका कामहरू पुनः सुरु हुन सक्छन् । साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ ।

**वृष**: आज जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । सौन्दर्यतामा धन खर्च हुनेछ ।

**मिथुन**: सुखदुःख बराबरी खालको समय रहनेछ । सद्विचारले अभिप्रेरित लाभ मिल्नेछ ।

**कर्कट**: जोशजाँगर र उमङ्ग बढ्नेछ । नयाँ काममा हात हाल्ने समय छ ।

**सिंह**: सरकारी निकायको भय रहला । शेयर बजारले पनि साथ नदेला ।

**कन्या**: मिष्ठान्न भोजन प्राप्ति होला । तपाईंलाई कसै कसैले भित्र भित्रै मन पराउन सक्छन्

**तुला**: कलहको योग भएकाले कसैसँग बोल्दा वा ठट्टा गर्दा सतर्कता अपनाउनुहोला ।

**वृश्चिक**: आर्थिक क्षेत्रमा सङ्कट आउला, तर साँझमा मन प्रसन्न रहनेछ ।

**धनु**: आजको दिन उत्साहपूर्ण रहनेछ । विद्या र बुद्धिको विकास हुनेछ ।

**मकर**: नयाँनयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ ।

**कुम्भ**: ठुलो कारोबारमा लगानी नगर्दा वेश हुनेछ । सामान हराउने भय पनि छ ।

**मिन**: आज आफन्तसँग सहकार्यको अवसर मिल्नेछ । एउटै कामबाट दोहोरो लाभ